# कोरोना भाइरस संक्रमण रोकथाम तथा न्यूनिकरण सम्बन्धी थप जानकारीहरू

कुवेतमा कोरोना भाइरसको संक्रमणलाई बढ्न नदिइ यसको रोकथाम तथा असर न्यूनिकरणको लागि हालै कुवेत सरकारले गरेका महत्वपूर्ण निर्णयहरूबारे सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छः

१) आज १२ मार्च २०२० देखि २६ मार्च २०२० सम्म दुई हप्ताका लागि कुवेतको सम्पूर्ण सरकारी कार्यालयहरू बन्द गर्ने निर्णय गरिएको छ ।

२) यहि शुक्रबार १३ मार्च २०२० (मध्यरात) देखि अर्को सूचना प्रकाशित नभए सम्मका लागि (कुवेती नागरिकको उद्धार गर्ने प्रयोजन बाहेक) कुवेत अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने सम्पूर्ण व्यवसायिक हवाइ उडानहरू बन्द गरिएका छन् । कार्गो सम्बन्धी सेवा प्रदान गर्ने हवाइ उडान तथा कार्गो पानीजहाज भने यथावत संचालनमा रहने बताइएको छ ।

३) सरकारी कार्यालयहरू बन्द गर्ने सरकारी निर्णयलाई दृष्टिगत गर्दै कुवेत बैंकिंग संघ (Kuwait Banking Association) ले अत्यावश्यक काम गर्न तोकिएका केही शाखा बाहेक सबै बैंकहरू बन्द गर्ने निर्णय गरेको छ । बैंकहरू बन्द गरिएतापनि अनलाइन बैंकिंग सेवा र ए. टि. एम. (ATM) सेवा भने संचालनमा नै रहने जनाइएको छ ।

४) कुवेतमा बसोवास गर्ने सबै व्यक्तिहरूलाई कफि सप, रेष्टुरा, क्याफे, सपिङ्ग मल, लगायतका स्थानहरूमा भिडमाड नगर्न समेत अनुरोध गरिएको छ ।

५) सम्पूर्ण निजी तथा सार्वजनिक स्पा एवं जिमखाना बन्द रहने बताइएको छ ।

यसै सन्दर्भमा, खाध्यान्न लगायत अन्य आधारभूत आवश्यकताका सामग्रीहरूको अभाव हुन नदिन कुवेत सरकारले विभिन्न उपायहरू लागू गर्ने सूचना सार्वजनिक भइसकेको छ । साथै, कोरोना भाइरसको संक्रमण बारेमा गलत तथा आधारहिन हल्ला फैलाई जनमानसलाई त्रसित बनाउने बिरूद्ध कानूनी कारवाही समेत हुनसक्ने भएकोले यस्तो कार्यमा संलग्न नहुन सबैमा अनुरोध गरिएको छ ।

नेपाली राजदूतावास कुवेत
२०७६।११।२९